संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - २४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार १ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै निम्नलिखित मा० सदस्यहरुले अमेरिकी सरकार र नेपाल सरकारबीच हुन लागेको एस.पी.पी. सम्झौताको सम्बन्धमा प्रमुख प्रतिपक्षले लगातार प्रश्न उठाउँदा पनि सरकारले सदनमा हालसम्म जानकारी नगराएको, अलजजिराको समाचार बमोजिम सगरमाथामा एक देशको झण्डा फहराएको, लामो समयदेखि अस्थिर र घटिरहेको शेयर बजारमा आम जनताको लगानी रहेकोले शेयर बजारसँग सम्बन्धित निकायहरु यसको स्थायित्व र विश्वास कायम गर्न गम्भिर हुनुपर्ने, नशालु पदार्थको सेवन गराई जबरजस्ती बलात्कारमा परेकी निहारिका राजपुत न्यायको लागि ५ बुँदे माग सहित आमरण अनसनमा बसेकोले उहाँको न्यायको लागि सरकारले उक्त घटनाको छानविन गरी सत्य तथ्य पत्ता लगाउनु पर्ने, बहुमतको आधारमा पारित गरिएको एम.सी.सी. सम्झौताको असरको रुपमा एस.पी.पी. लगायतका सम्झौता देखा परेको, आगामी निर्वाचनलाई निष्पक्ष र स्वतन्त्र बनाउन स्वतन्त्र चुनावी सरकारको गठन हुनुपर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री प्रदिप कुमारी ज्ञवाली
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री थममाया थापा
४. मा० श्री राजेन्द्र प्रसाद लिङदेन

तदुपरान्त शिक्षा तथा स्वास्थ्य समितिका मा० सभापति श्री जयपुरी घर्तीले “शिक्षा तथा स्वास्थ्य समितिको वार्षिक प्रतिवेदनहरु आ.व. २०७७/०७८ र आ.व. २०७८/०७९” पेश गर्नुभयो ।

तत्पश्चात विनियोजन विधेयक, २०७९ अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री कृष्णभक्त पोखेल
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० डा० डिला सँग्रौला (पंत)
५. मा० श्री विमला विश्वकर्मा
६. मा० श्री पुष्पा भुसाल (गौतम)
७. मा० श्री रेनुका गुरुङ्ग
८. मा० डा० शिवमाया तुम्वाहाङफे
९. मा० श्री दुर्गा पौडेल
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री गोमा देवकोटा
१२. मा० श्री विमला वि.क.

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० शहरी विकास मन्त्री श्री रामकुमारी झांक्रीले शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री गंगा चौधरी (सत्गौवा)
२. मा० श्री विमला विश्वकर्मा
३. मा० श्री गिरिराजमणि पोखरेल
४. मा० श्री कृष्णभक्त पोखेल
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री लिला देवी सिटौला
७. मा० श्री नारायण प्रसाद मरासिनी
८. मा० श्री राजेन्द्र कुमार राई
९. मा० श्री घनश्याम खतिवडा
१०. मा० श्री नवराज सिलवाल
११. मा० डा० डिला सँग्रौला (पंत)
१२. मा० श्री राजबहादुर बुढाक्षेत्री

१३. मा० श्री केदार सिग्देल
१४. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
१५. मा० श्री माया देवी न्यौपाने
१६. मा० श्री सरिता कुमारी गिरी
१७. मा० श्री मिना सुब्बा
१८. मा० श्री रेनुका गुरुङ्ग
१९. मा० श्री सरला कुमारी यादव
२०. मा० श्री गजेन्द्र बहादुर महत
२१. मा० श्री सत्यनारायण शर्मा खनाल

तदुपरान्त मा० शहरी विकास मन्त्री श्री रामकुमारी झांक्रीले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या २ मा रहेको कार्यक्रममा सामान्य हेरफेर गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री प्रेम बहादुर आलेले सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० डा० डिला सँग्रौला (पंत)
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री पार्वता डि.सी. (चौधरी)
४. मा० श्री यज्ञराज सुनुवार
५. मा० श्री भूमि प्रसाद त्रिपाठी
६. मा० श्री नारदमुनि राना
७. मा० श्री समिना हुसेन
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री मिना सुब्बा

तदुपरान्त मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री प्रेम बहादुर आलेले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री विरोध खतिवडाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री केदार सिग्देल
३. मा० डा० डिला सँग्रौला (पंत)
४. मा० श्री पुष्पा भुसाल (गौतम)
५. मा० श्री योगेश कुमार भट्टराई
६. मा० श्री मिना सुब्बा
७. मा० श्री गिरिराजमणि पोखरेल
८. मा० श्री भानुभक्त ढकाल
९. मा० श्री सरला कुमारी यादव
१०. मा० श्री पार्वता डि.सी. (चौधरी)
११. मा० श्री झपट बहादुर रावल
१२. मा० श्री देवप्रसाद तिमलसेना
१३. मा० श्री गजेन्द्र बहादुर महत
१४. मा० श्री नवराज सिलवाल
१५. मा० श्री प्रेम सुवाल

तदुपरान्त मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री विरोध खतिवडाले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको तर्फबाट मा० परराष्ट्र मन्त्री डा० नारायण खड्काले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री पार्वता डि.सी. (चौधरी)
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री दिव्यमणि राजभण्डारी
५. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त

तदुपरान्त मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको तर्फबाट मा० परराष्ट्र मन्त्री डा० नारायण खड्काले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनु कुमारी यादवले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० डा० सूर्य प्रसाद पाठक
२. मा० श्री गणेश कुमार पहाडी
३. मा० श्री पुष्पा भुसाल (गौतम)
४. मा० डा० डिला सँग्रौला (पंत)
५. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
६. मा० श्री यज्ञराज सुनुवार
७. मा० श्री खेम प्रसाद लोहनी
८. मा० श्री केदार सिग्देल
९. मा० श्री राजेन्द्र कुमार राई
१०. मा० श्री सरिता कुमारी गिरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त
१३. मा० श्री पार्वती कुमारी विशुन्के
१४. माण श्री लक्ष्मी परियार
१५. मा० श्री देवप्रसाद तिमलसेना
१६. मा० श्री महेश बस्नेत

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनु कुमारी यादवले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्र प्रसाद श्रेष्ठले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री विमला विश्वकर्मा
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री केदार सिग्देल
४. मा० श्री प्रेम सुवाल

तदुपरान्त मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्र प्रसाद श्रेष्ठले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री पम्फा भुसालले ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री गिरिराजमणि पोखरेल
२. मा० डा० सूर्य प्रसाद पाठक
३. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
४. मा० श्री शेरबहादुर तामाङ
५. मा० श्री पुष्पा भुसाल (गौतम)
६. मा० डा० डिला सँग्रौला (पंत)
७. मा० श्री योगेश कुमार भट्टराई
८. मा० श्री केदार सिग्देल
९. मा० श्री मिन बहादुर विश्वकर्म
१०. मा० श्री राजेन्द्र कुमार राई
११. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
१२. मा० श्री मिना सुब्बा
१३. मा० श्री पार्वती कुमारी विशुन्के
१४. मा० श्री मोहम्मद इस्तियाक राई
१५. मा० श्री लक्ष्मी परियार
१६. मा० श्री मैना कुमारी भण्डारी
१७. मा० श्री महेन्द्र कुमारी लिम्बु
१८. मा० श्री खगराज अधिकारी
१९. मा० श्री झपट बहादुर रावल
२०. मा० श्री प्रेम सुवाल
२१. मा० श्री सरिता कुमारी गिरी

तदुपरान्त मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री पम्फा भुसालले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री लक्ष्मी परियार
३. मा० श्री विमला विश्वकर्मा
४. मा० श्री मिना सुब्बा
५. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
६. मा० श्री प्रेम सुवाल

तदुपरान्त मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खाँणले गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० डा० सूर्य प्रसाद पाठक
३. मा० श्री योगेश कुमार भट्टराई
४. मा० श्री गिरिराजमणि पोखरेल
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री लक्ष्मी परियार
७. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
८. मा० श्री पुष्पा भुसाल (गौतम)
९. मा० डा० डिला सँग्रौला (पंत)
१०. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
११. मा० श्री राजेन्द्र कुमार राई
१२. मा० श्री पूर्ण कुमारी सुवदी
१३. मा० श्री मिना सुब्बा
१४. मा० श्री महेश बस्नेत
१५. मा० श्री पार्वता डि.सी. (चौधरी)
१६. मा० श्री पार्वती कुमारी विशुन्के
१७. मा० श्री गजेन्द्र बहादुर महत

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खाँणले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिने कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ को विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिन समेतका लागि यही २०७९ साल असार १ गतेसम्मका दिनहरु तोकेकोमा विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथिको छलफलको क्रममा सम्बन्धित मा० मन्त्री एवं सम्माननीय प्रधानमन्त्रीले उत्तर दिने कार्यक्रम बाँकी नै रहेकोले सो कार्यका लागि २०७९ असार २ गतेको दिन थप गरेको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अर्न्तगत अर्थ मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको सम्बन्धित मा० मन्त्री एवं सम्माननीय प्रधानमन्त्रीबाट उत्तर दिने कार्यक्रम मिति २०७९ असार २ गतेको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले संविधान सभा सदस्य मिथिला चौधरीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) बाट वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित, पूर्व जनसंख्या तथा वातावरण मन्त्री, हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सँग आवद्ध रहनु भएकी, नेपाली कम्युनिष्ट आन्दोलन तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ सञ्चालित आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएकी मिथिला चौधरीको ५७ वर्षको उमेरमा मिति २०७९ साल जेठ २७ गते शुक्रबार उपचारको क्रममा भारतको नयाँ दिल्लीमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले दिवंगत मिथिला चौधरीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार २ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक राती ९:३० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव